# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड २ संख्या १५ पौष ९ गते, २०७५ साल**

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७५ सालको कार्यविधि नं. १५

## अनुदानमा आधारित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना :**

मादी गाउँपालिका प्राकृतिक स्रोत साधनले भरिपूर्ण गाउँपालिका हो, तथापि यहाँका अधिकांश वासिन्दाहरू कृषि तथा पशुपालनमा निर्भर रहेका छन् र पशुपालन तथा कृषि व्यवसायबाट गाउँपालिकाको ग्राहस्थ उत्पादनमा खासै टेवा पुगेको नदेखिएको हुँदा कृषि तथा पशुपालन व्यवसाय मार्फत् रोजगारी सिर्जना तथा आय आर्जन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा मादी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट "**अनुदानमा**

मादी गाउँपालिका कास्की

**आधारित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि , २०७५"** स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "**अनुदानमा आधारीत पशु विकास कार्यक्रम संञ्चालन कार्यविधि, २०७५**" रहेको छ ।

(ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

**२ परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "पशु विकास कार्यक्रम सञ्चालन" भन्नाले कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बिउ पूँजीसहितको व्यवसायिक पशु उत्पादन (व्यावसायिक भैंसी पालन, व्यवसायिक बाख्रा र पशुपन्छी) बजार प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

ख) "कार्यविधि" भन्नाले मादी गाउँपालिका अन्तर्गत सञ्चालित "अनुदानमा आधारित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" लाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले गाउँपालिकाभित्र गठित पशु विकास कार्यक्रम हेर्ने समितिलाई बुझ्नु पर्छ ।

घ) "स्कीम परियोजना" भन्नाले पशुपन्छी पालन व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(क) भैंसी पालन, बाख्रा पालन तथा पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरू सिर्जना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) पशु उत्पादन तथा उत्पादकत्व आय वृद्धि गरी आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

(घ) व्यवसायिक जीविकोपार्जनको विकास गर्ने ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद २

## पशु विकास व्यवसायिक भैंसी पालन प्रवर्द्धन कार्यक्रम

**४. व्यावसायिक भैंसी पालन कार्यक्रम देहाय बमोजिम हुने छ।**

१) स्कीम अवधि : यो कार्यक्रम मादी गाउँपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुने छ ।

२) स्कीमका लागि क्षेत्र छनौटका आधारहरू : व्यवसायिक भैंसी पालनका लागी सम्भाव्य भएका क्षेत्रहरूको छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ । निवेदन दिने फार्महरू मादी गाउँपालिकामा दर्ता भएको हुनुपर्ने छ ।

३) (१) व्यावसायिक भैंसी फार्म निर्माण गर्दा निम्न मापदण्डको दायराभित्र रही गर्नुपर्ने छ ।

निम्न :

- भैसी फार्म राख्ने जग्गाको लालपुर्जा फर्मको नाममा भएको वा कम्तीमा १० वर्षको भाडा सम्झौता गरेको करारनामा हुनुपर्ने छ ।
- सँधियारको मन्जुरीनामा भएको र वडाको मुचुल्का हुनुपर्ने छ ।
- वातावरणीय दृष्टिकोणले सफा र सबै फोहोरको व्यवस्थापन भएको हुनुपर्ने छ ।
- एउटा फार्म एउटै कम्पाउण्ड, जोडिएको कित्ताभित्र रहेका फर्मलाई मान्यता दिइने छ ।
- फार्ममा बालबालिका कामदारको रूपमा प्रयोग भएको पाइएमा अनुदानबाट वञ्चित गरी आवश्यक कारबाही गराइने छ ।
- सकेसम्म स्थानीय कामदारलाई रोजगार दिइएको हुनुपर्ने छ ।
- श्रमिकको ज्याला, तलब सुविधा र करारको प्रतिलिपि समावेश गर्नुपर्ने छ ।
- गाउँ बस्ती, कृषि क्षेत्रमा गाई, भैंसी छाडा छोड्न पाइने छैन ।
- एउटा फार्ममा कम्तीमा १० वटा उन्नत (६० प्रतिशतसम्म क्रस) जातको दुधालु, बिमा गरिएको माउ भैंसी हुनुपर्ने छ ।
- प्रति गाई/भैंसीको लागि सरदर १ रोपनी क्षेत्रफलमा घाँस खेती गरेको हुनुपर्ने छ ।

**(२) भैंसी गोठ :** गाई/भैसी गोठ भन्नाले स्थानीय तवरमा परम्परागत रूपमा पालिएका भैंसी गोठलाई मानिने छ ।

- एउटा भैंसी गोठमा एक जना व्यक्तिको वा एउटा संस्था वा कम्पनीको स्वामित्वमा न्यूनतम ५० वटाभन्दा बढी माउ भैंसी भएको हुनुपर्ने छ ।

मादी गाउँपालिका, कास्की

- एउटा गोठका सबै भैंसीहरू दिउँसो एउटै चरन क्षेत्रमा चर्ने र राती एउटै गोठ वा किल्लामा बाँधेको हुनुपर्ने छ ।
- खर्क, चरण गोठ गाउँपालिकाले स्वीकृत गरेको निश्चित क्षेत्रहरूमा राख्नुपर्ने छ ।
- गाउँ, बस्ती र कृषि क्षेत्रमा ल्याउँदा छाडा छोड्न पाइने छैन ।
- गोठमा भएको सबै भैंसीहरूको आधिकारिक ट्याग नम्बरसहितको अभिलेख गा.पा.को पशु सेवा शाखामा पेस गर्नुपर्ने छ ।
- गोठमा बाल श्रमिकको प्रयोग गरेको पाइएमा कानुनी कारवाही हुने छ ।
- गोठमा सकेसम्म स्थानीयलाई रोजगार दिनुपर्ने छ र श्रमिक कामदारको ज्याला तलब भत्ता सुविधा सम्झौता लिखित रूपमा हुनुपर्ने छ ।

**३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फार्मलाई २ वर्गमा विभाजन गरिने छ।**

१) आधुनिक भैंसी फार्म : यस कार्यक्रमको लागि कम्तिमा १० वटा उन्नत (६० प्रतिशतसम्म क्रस) भैंसी पालन गरी दूध उत्पादन व्यवसाय सुरु गरेका फार्महरूलाई मानिने छ ।

२) भैंसी गोठ : यस कार्यक्रमको लागि कम्तीमा ५० वटाभन्दा बढी माउ भैंसी दुध उत्पादन व्यवसाय सुरु गरिरहेका फार्मलाई मानिने छ ।

**४. कार्यक्रमका लागि उपलब्ध गराइने सहयोगहरू :**

१. उन्नत भैंसी खरिद गरी बिमा गरिएका प्रति भैंसी रु. २०,०००/- (बीस हजार) का दरले अधिकतम रु. २,००,०००/- (दुई लाख) सम्म ।

२. स्थानीय लोकल भैंसी खरिद गरी बिमा गरिएका प्रति भैंसी रु. ४०००/- का दरले अधिकतम रु. २,००,०००/- सम्म ।

**५. फर्म सुदृढीकरण सम्बन्धी कार्यहरू:**

- गोठ निर्माण सुधार, फार्म सुरक्षा (बार बन्देज) जैविक सुरक्षा ।
- पशु प्रजनन् आहार तथा अन्य व्यवस्थापकीय कार्य (कृत्रिम गर्भाधान उपर करण राँगो खरिद, आहार व्यवस्थापन, च्याप कटर, काउ म्याट, मिल्क क्यान, व्हील व्यारो) आदि ।
- फार्म यान्त्रिकीकरण : मिल्किङ मेसिन, मिल्किङ पार्लर, फोडर फोरेज ब्लक, ग्फद मेसिन, विद्युतीय फिडर, वाटरर, मिल्क क्यान, साईलो पिट, फ्रिज, चिलिङ भ्याट, आदि ।

माडी गाउँपालिका, कास्की

## परिच्छेद ३

## पशु विकास व्यवसायिक बाख्रा प्रवर्द्धन कार्यक्रम

### ६. बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

१) कार्यक्रम सञ्चालन हुने स्थान: मादी गाउँपालिकाबाट स्वीकृत भएपछि पशु सेवा शाखाले सञ्चालन गर्ने छ ।

२) कार्यक्रम सञ्चालन अवधि: यो कार्यक्रम मादी गाउँपालिकाबाट निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुने छ ।

३) (१) व्यावसायिक बाख्रा फार्म निर्माण गर्दा निम्न मापदण्डको दायराभित्र रही गर्नुपर्ने छ ।

निम्न :

क. व्यवसायिक (बाख्रा फार्म)

- बाख्रा फार्म राख्ने जग्गा लालपुर्जा, फर्म वा सञ्चालकको नाममा हुनुपर्ने छ अथवा सम्बन्धित जग्गा दातासँग फार्मले जग्गा भोग चलनको लागि कम्तीमा १० वर्षको लागि भाडामा सम्झौता भएको हुनुपर्ने छ ।
- फर्म (खोर) राखेको जग्गाको चार किल्लाको सँधियारहरूको मन्जुरी वा मुचुल्का हुनुपर्ने छ ।
- खोर आधुनिक सुधारिएको हुनुपर्ने छ ।
- एउटा फार्म एउटै कम्पाउण्डभित्र रहेको हुनुपर्ने छ ।
- एउटा खोर वा फार्ममा कम्तीमा १०० वटा माउ भेडा वा बाख्रा भएको हुनुपर्ने छ ।
- सबै भेडा बाख्राको ट्यागिङ् गरी सोको अभिलेखसहित गाउँपालिकामा दर्ता भएको हुनुपर्ने छ ।
- गाउँपालिकामा नियमपूर्वक दर्ता भई समयमा नै नवीकरण र कर चुक्ता भएको हुनुपर्ने छ ।
- भेडा बाख्राको लागि निश्चित तोकिएको वन जङ्गल वा चरनमा कामदारको निगरानीमा चराउने र ल्याउने गर्नु पर्दछ साथै कृषि क्षेत्र, बस्तीमा छाडा छोड्न पाइने छैन ।
- फार्ममा काम गर्ने कामदारहरूको तलब भत्ता लिखित रूपमा सम्झौता गरेको हुनुपर्ने छ ।
- कामदार सकेसम्म स्थानीय हुनुपर्ने छ ।
- बालश्रम प्रयोग गरेमा कानुनी कारबाही गरिने छ ।

मादी गाउँपालिका, कास्की

- सबै भेडा बाख्राको बिमा गरेको हुनुपर्ने छ ।
- एउटै कम्पनी, समूह वा सहकारी स्वमित्वको एक फर्म मानिने छ ।
- प्रति बाख्रा रु. १०००/- का दरले अधिकतम २,००,०००/- (दुई लाख) अनुदान दिइने छ ।

ख. भेडा-बाख्रा खोर (गोठ) :

- बस्ती र कृषि क्षेत्रभन्दा पर लेक जङ्गलमा छाडा चरनमा चराउने भेडा बाख्रालाई गोठ भनिने छ ।
- अनुदान प्राप्त गर्नको लागि एक गोठमा कम्तीमा ४०० वटा भेडा बाख्रा हुनुपर्ने छ ।
- प्रति भेडा-बाख्रा रु. ५००/- का दरले अधिकतम २,००,०००/- अनुदान दिइने छ ।
- एकै ठाउँहरूमा चर्ने र एकै स्थानमा सुत्ने भेडा बाख्राको हुललाई एक गोठ मानिने छ ।
- कृषि क्षेत्र र बस्ती क्षेत्रमा छाडा तरिकाले छोड्न पाइने छैन ।

४) उपदफा १ मा जुनसुकै लेखिएको भए तापनि भेडा/बाख्रा फार्मको वर्गीकरण निम्नानुसार गरिने छः

(क) व्यावसायिक बाख्रा पालन फार्म : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम १०० वटा प्रजनन योग्य माउ भेडा बाख्रा पालन गरिरहेका वा सो सङ्ख्यामा बाख्रा पालन गरी व्यवसाय सुरु गर्ने फार्महरूलाई व्यावसायिक बाख्रा फार्म मानिने छ ।

(ख) भेडा बाख्रा गोठ : एकै ठाउमा चरन गर्ने तथा एउटै स्थानमा सुत्ने कम्तीमा ४०० वटा भेडा बाख्रा भएको स्थान तथा व्यावसायलाई गोठ भनिने छ ।

५) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम :

(१) व्यावसायिक बाख्रा पालन फार्म : प्रति भेडा बाख्रा रु. १०००/- (एक हजार) का दरले अधिकतम रु २,००,०००/- (दुई लाख) अनुदान दिइने छ ।

(२) भेडा बाख्रा गोठ : प्रति भेडा बाख्रा रु ५००/- (पाँच सय) का दरले अधिकतम रु २,००,०००/- (दुई लाख) अनुदान दिइने छ ।

६) अनुदान रकमको उपयोग यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याङ्क, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन बोका खरिद/कृत्रिम गर्भधारण व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्ने छन् । यो

रकमबाट बाख्राको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरू खरिद गर्न भने पाइने छैन ।

## परिच्छेद ४

## पन्छी विकास कार्यक्रम सञ्चालन प्रक्रिया

**७. स्किम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुने छ**

१) कार्यक्रम सञ्चालन हुने स्थान : प्राथमिकताको आधारमा छनौट गरिने ।

२) कार्यक्रम सञ्चालन अवधि : यो कार्यक्रम मादी गाउँपालिकाबाट निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुने छ ।

३) लक्षित वर्ग : ग्रामीण कृषक, लक्षित वर्ग र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धित काममा दक्षता हासिल गरेका युवाहरूलाई र विपन्न, दलित, आदिवासी जनजाति, पिछडावर्ग परिवारलाई व्यवसायीहरू । साथै सबै सामाजिक समूहका कृषकहरूलाई प्राथमिकता अनुसार समावेश गराइने छ ।

४) (१) व्यावसायिक कुखुरा पालन (लेयर्स र ब्रोइलर): फार्म निर्माण गर्दा निम्न मापदण्डको दायराभित्र रही गर्नुपर्ने छ ।
निम्न :

- २००० देखि माथि लेर्यस वा ब्रोईलर कुखुरा पालक कार्यक्रममा समावेश गर्न सकिने
- ब्रोइलरको हकमा कम्तीमा प्रति लट २००० का दरले वार्षिक ५००० मा नघट्ने गरी उत्पादन गरेको हुनुपर्ने छ ।
- कुखुरा उत्पादन विवरण अध्यावधिक गर्न खरिद बिल र बिक्री परिमाण खुल्ने आधिकारिक प्रमाण हुनुपर्ने ।
- सम्बन्धित वडाको सिफारिस, प्राविधिकसहितको फिल्ड भेरिफीकेशन समितिको प्रतिवेदनमा उल्लेखित सङ्ख्या परिमाण स्पष्ट भएको आधिकारिक निर्णय प्रमाण हुनुपर्ने छ ।

५) अनुदानको प्रक्रिया : प्रति हजार रु. १०,०००/- दरले अधिकतम रु. २,००,०००/- (दुई लाख) अनुदान उपलब्ध गराइने छ ।

## परिच्छेद ५

## विविध



मादी गाउँपालिका, कास्की

**८. कार्यक्रम सञ्चालन प्रक्रिया**

१) प्रस्ताव आह्वान : निजी फार्म/समूह/समिति/सहकारीमा आबद्ध कृषकहरूबाट सहकार्यमा व्यावसायिक भैंसी पालन, भेडाबाख्रा फार्म/गोठ र कुखुरा पालन फार्म स्थापना वा सुदृढीकरणका वा यान्त्रिकरणका लागि स्थानीय सञ्चार माध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी पशु सेवा शाखा मार्फत् गाउँपालिकामा पेस गर्ने गरी प्रस्ताव आह्वान गरिने छ । प्रस्ताव आह्वानको ३५ दिने सूचना अनुसूची १ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरूले प्रकाशन गर्ने छन् । साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र तथा सङ्क्षिप्त कार्य योजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ बमोजिमको ढाँचामा हुनुपर्ने छ ।

२) प्रस्तावहरूको मूल्याङ्कन तथा स्वीकृतिः

   १) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्ने छ ।

   २) पशु विकास कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्तावहरूलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित पशु विकास शाखाको हुने छ ।

   ३) मूल्याङ्कनका आधारहरू : मूल्याङ्कनका आधारहरू अनुसूची ५ मा उल्लेख भएअनुसार हुने छन् ।

**९. प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति सम्बन्धी व्यवस्था :** (१) व्यवसायिक पशु विकास कार्यक्रमलाई लक्षित गरी सञ्चालित फार्मको प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउने गरी मादी गाउँपालिकाद्वारा सञ्चालन गरिने पशुपन्छी विकास कार्यक्रम अनुदानका लागि देहायबमोजिमको मूल्याङ्कन तथा छनौट समिति रहने छ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिका उपाध्यक्ष | सह संयोजक |
| ग. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ. | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी | सदस्य |
| ङ. | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**१०. फिल्ड भेरिफिकेशन समिति गठन :**

प्रस्ताव मुल्याङ्कन समितिबाट सिफारिस भई आएका फार्महरूको वडा तहमा फिल्ड भेरिफिकेशन गर्नको लागि स्थलगत रूपमा फिल्ड भेरिफिकेशन समिति गठन गर्ने र सोही समितिबाट स्थलगत रूपमा फिल्ड भेरिफिकेसन विवरण तयार

मादी गाउँपालिका, कास्की

गरी पुनः प्रस्ताव मूल्याङ्कन समितिमा अन्तिम छानबिनका लागि पठाउने छ ।

क. सम्बन्धित वडाका वडा अध्यक्ष : संयोजक

ख. पशु सेवा शाखा प्रमुख : सदस्य

ग. सम्बन्धित वडाको वडा सदस्य मध्येबाट १ जना महिला सदस्यसहित २ जना सदस्य

घ. सम्बन्धित वडा सचिव : सदस्य

ङ. सम्बन्धित टोल संयोजक : सदस्य

च. सम्बन्धित क्षेत्र हेर्ने पशु प्राविधिक : सदस्य सचिव

२. फिल्ड भेरिफिकेशन गर्दा सम्बन्धित फर्म सञ्चालक वा उकाघरको सदस्यको रोहवरमा गर्नुपर्ने छ ।

**११. अनुगमन सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिकाबाट सञ्चालित अनुदानका कार्यक्रमहरूलाई नियमित रूपमा अनुगमन गरिने छ ।

(२) अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुगमन समितिबाट तयार गरिने छ ।

(३) देहायका व्यक्तिहरू रहेको एक अनुगमन समिति रहने छ ।

क. गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना - संयोजक

ख. अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी १ जना - सदस्य

घ. सम्बन्धित समितिको संयोजक वा निजले तोकेको प्रतिनिधि १ जना - सदस्य

ङ. पशु विकास शाखा प्रमुख - सदस्य सचिव

**१२. कारबाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका कृषकहरूले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरूपयोग गरेको पाइएमा मादी गाउँपालिकाको प्रचलित ऐन, नियम तथा कानुनबमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**१३. प्रचलित कानुन लागु हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोहीबमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुने छ ।

**१४. विमा :** हरेक कार्यक्रम अन्तर्गत पशुहरूको अनिवार्य रूपमा पशु विमा गराउनुपर्ने छ ।

मादी गाउँपालिका, कास्की

१५. **फार्म दर्ता तथा नवीकरण प्रक्रिया :** यस गाउँपालिकामा पशुपन्छी फार्म दर्ता एवम् नवीकरण तोकिएको प्रक्रिया बमोजिम हुने छ ।

१६. **कार्यविधि संशोधन तथा परिमार्जन :** मादी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संशोधन गर्न सक्ने छ ।

मादी गाउँपालिका, कास्की

## अनुसूची-१
## (दफा ७ को (१) सँग सम्बन्धित)
## पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा

मादी गाउँपालिका पशु विकास शाखा

पशुपन्छी विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना तपसिल :

प्रथम पटक प्रकाशित मिति : ...........................

यस कार्यालयको आ.व. २०... /...... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार युवाहरूलाई पशु उत्पादन (भैंसी पालन, भेडा/बाख्रा पालन तथा कुखुरा पालन ) सम्बन्धी कार्यक्रमका माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखि ४० वर्ष उमेरमा अर्धबेरोजगार/बेरोजगार युवाहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्ने छ । पुनश्च: आवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाणपत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू

मादी गाउँपालिका, कास्की

## अनुसूची-२

### (दफा ७ को (१) सँग सम्बन्धित)

### पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की ।

विषय : पशुपन्छी विकास अनुदान सहयोग कार्यक्रम उपलब्ध गराइदिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ............................................. कार्य गर्न तीव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रियाअनुसार सम्बन्धित गाउँपालिकाभित्रै रही कार्य गर्ने छु । पुनश्च : तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरासमेत अनुरोध गर्दछु ।

तपसिल :

१. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्य योजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. फार्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाणपत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धी विवरण
८. कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता

निवेदक
नाम :
दस्तखत:
ठेगाना :

मादी गाउँपालिका, कास्की

## अनुसूची-३
## (दफा ७ को (१) सँग सम्बन्धित)
## पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमको सङ्क्षिप्त व्यावसायिक कार्य योजना

व्यावसायिक फर्मको नाम : सम्पर्क नम्बर :
ठेगाना : कास्की जिल्ला मादी गाउँपालिका वडा नं. .....टोल : .....
भैंसी/भेडा बाख्रा/कुखुरा पालन व्यवसाय गरिने स्थान :
व्यवसायिक भैंसी/भेडा बाख्रा/कुखुरा पालन गरिने कार्य विवरण :

| क्र.स. | सञ्चालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजी लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |

व्यावसायिक कार्य गर्ने व्यवसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्ने छ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ....महिना .....
२. भैंसी/भेडा बाख्रा/कुखुरा जात :
३. भैंसी/भेडा बाख्रा/कुखुरा सङ्ख्या :
४. राँगा/बोका/भेडा सङ्ख्या :
५. भैंसी/भेडा बाख्रा/कुखुरा पालन पद्धति :
६. घाँस खेती गरेको/गरिने क्षेत्रफल :
७. घाँसको किसिम :
८. डाँलेघाँसको किसिम र सङ्ख्या :
९. व्यवसायको लागि श्रमको व्यवस्थान :
   क. पारिवारिक : महिला सङ्ख्या : ......, पुरुष सङ्ख्या : ......
   ख. बाहिरबाट : महिला सङ्ख्या : ........, पुरुष सङ्ख्या : .............
१०. उत्पादित वस्तुको बजार : अपेक्षित वार्षिक प्रतिफल :

व्यवसायी फर्म सञ्चालकको तर्फबाट सही गर्नेको सही
नामः संस्थाको छाप :
दस्तखत : मिति :

मादी गाउँपालिका, कास्की

**अनुसूची-४**

**(दफा ७ को उपदफा २ को (२) सँग सम्बन्धित)**

**पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र**

मादी गाउँपालिका पशु विकास शाखा मार्फत् सञ्चालन गरिने चालु आ.व. .............. को स्वीकृत लक्षित ......... कार्यक्रम सञ्चालन गर्ने पशु विकास शाखा, (यसभन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ................... (यसभन्दा पछाडि दोश्रो पक्ष भनिने) बिच तपसिलका कार्यक्रम सञ्चालनका लागी द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरूप उपलब्ध गराउने छ ।

२. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ................ व्यवसाय सञ्चालन गर्ने छ ।

३. पहिलो पक्षले नियमित रूपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने छन् ।

४. भैंसी/भेडा बाख्रा पालन गर्ने व्यवसायी कृषकहरूले पशु बिमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोश्रो पक्ष |
| मादी गाउँपालिका पशु विकास शाखाको तर्फबाट | युवा उद्यमी वा संस्थाको तर्फबाट |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छाप : | |
| संस्थाको छाप | औंठाको छाप : |
| | दायाँ बायाँ |

मादी गाउँपालिका, कास्की

## अनुसूची-५
## (दफा ७ को उपदफा २ को (३) सँग सम्बन्धित)
## पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालकको लागि छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू :

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (१०) | अनुभव/तालिम (१०) | पालिरहेको पशु पन्छीको संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जगाको क्षेत्रफल (१५) | वैदेशिक रोजगारबाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरूको :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

माद्दी गाउँपालिका, कास्की

## अनुसूची-६

## पशु उत्पादन (भैंसी पालन/भेडा बाख्रा प्रवर्द्धन/पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमका प्रगति विवरण

पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको
नाम :
ठेगाना :

२. सञ्चालित व्यवसायको
नाम :
ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधि :

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आइपरेका बाधा अड्चन | समाधानको लागि सुझावहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाइ उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य :
१. ......................... २. .................................... ३. .............. ..................

उद्यमीको नाम :
दस्तखत :
मिति :
ठेगाना

आज्ञाले,
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

माद्दी गाउँपालिका, कास्की